# स्थानीय राजपत्र

देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७, संख्याः १४, मितिः २०८०/०९/१३

## भाग–२

## देवघाट गाउँपालिकाको सुन्तला जातका फलफूल नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

देवघाट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको सुन्तला जातका फलफूल नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०९।१३

प्रमाणीकरण र प्रकाशन मितिः २०८०।०९।१३

**प्रस्तावनाः** ग्रामीण क्षेत्रको भूगोल भएका क्षेत्रमा फलफूलको वेर्ना उत्पादन गरी कृषकहरुलाई सहज रुपमा वितरण गरी फलफूलको उत्पादनलाई बढावा दिँदै कृषकहरुलाई व्यवसायी बनाई आर्थिक रुपमा मजबुत बनाउने उद्देश्यका साथै दीर्घकालीन रुपमा कृषकहरुको फलफूल खेतीबाट नाफामूलक आय-आर्जन गर्न, सुन्तलाजातका फलफूलको बिरुवा उत्पादन गरी कृषकहरुलाई वितरण गर्ने र सुन्तलाजातका फलफूल नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन गरी सञ्चालन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम देवघाट गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “देवघाट गाउँपालिकाको सुन्तलाजातका फलफूल नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पछि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “गाउँपालिका” भन्नाले देवघाट गाउँपालिका सम्झनुपर्छ।

ख) “कार्यपालिका” भन्नाले देवघाट गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ।

ग) “अध्यक्ष” भन्नाले देवघाट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

घ) “उपाध्यक्ष” भन्नाले देवघाट गाउँपालिकाको उपाध्यक्ष भन्ने सम्झनुपर्छ।

ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले देवघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

च) “नर्सरी” भन्नाले गाउँपालिकाले सञ्चालन गर्ने सुन्तलाजातका फलफूल

बिरुवा उत्पादन गर्नका तोकिएको नर्सरी केन्द्र स्थानलाई सम्झनुपर्छ ।

छ) "कृषक" भन्नाले यस गाउँपालिकामा स्थायी वा अस्थायी बसोबास गर्ने सुन्तलाजातका फलफूल उत्पादन गर्ने कृषकहरुलाई सम्झनुपर्छ ।

ज) "कृषक समूह" भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता भएका वा सो भन्दा अघि विषयगत रुपमा दर्ता भएका कृषक समूहलाई सम्झनु पर्दछ ।

झ) "कृषि" भन्नाले आफ्नो जीवन चलाउन भूमिमा कृषिजन्य फसल तथा फलफूल उत्पादन गर्न गरिने क्रियाकलापलाई सम्झनु पर्दछ ।

ञ) "कृषि शाखा" भन्नाले देवघाट गाउँपालिका कृषि विकास शाखालाई सम्झनु पर्छ ।

ट) "अनुदान" भन्नाले यस कार्यक्रम फलफूल नर्सरीबाट उत्पादन गरिएका बिरुवा कृषक तथा कृषक समूहहरुलाई वितरण गरिने सहायतालाई सम्झनुपर्छ ।

ठ) "प्रस्तावना" भन्नाले संघ, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य विभिन्न निकायबाट आव्हान भएका सूचनाहरु समेतलाई सम्झनुपर्छ ।

ड) "कार्यक्रम" भन्नाले अनुदानमा बेर्ना वितरण तथा सुन्तलाजात फलफूल नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी गाउँ सभाबाट स्वीकृत भएको विभिन्न कार्यक्रम भन्ने सम्झनुपर्छ ।

ढ) "साझेदारी" भन्नाले विभिन्न कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैह्र सरकारी र निज स्वयं कृषक बीचको द्विपक्षीय, बहुपक्षीय सम्झौतामा सञ्चालन हुने कार्यक्रमहरुको साझेदारी सम्झनुपर्छ ।

ण) "व्यवस्थापन" भन्नाले सुन्तलाजात फलफूल नर्सरी स्थापना, स्थलको हेरचाहका लागि गरिने मानवीय व्यवस्थालाई सम्झनुपर्छ ।

त) "माउबोट" भन्नाले वानस्पति विरुवा र विजु विरुवा तयार गर्नका लागि विषेश रुपमा छनौट गरी प्रयोगमा ल्याईने स्वस्थ गुणस्तरीय बोटलाई सम्झनु पर्छ ।

थ) "रुटस्टक" भन्नाले कलमी विरुवा तयार गर्दा जरातिरको भागको रुपमा प्रयोग हुने विरुवा सम्झनु पर्छ ।

द) "सायन" भन्नाले कलमी बिरुवा तयार गर्दा प्रयोग गरिने माउबोटबाट लिईने उपयुक्त किसिमको हाँगाको टुक्रा/बडलाई सम्झनु पर्छ ।

ध) "समिति" भन्नाले दफा ५ बमोजिम गठन हुने व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद–२
## कार्यक्रमको उद्देश्य

**३. कार्यक्रमको उद्देश्यः**

क) देवघाट गाउँपालिकाभित्र वातावरण अनुसार लगाउन सकिने सुन्तलाजातका फलफूलका बिरुवा उत्पादन गरी फलफूल खेती विस्तारका साथै कृषकहरुलाई अनुदानमा बिरुवा वितरण गरेर कृषकहरुको आर्थिक भार कम गर्नु ।

ख) कृषकहरुको खेती प्रणालीमा सुधार ल्याई कृषिमा विकास गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गरी दिगो र फराकिलो आर्थिक विकास गर्नु ।

ग) कृषिको माध्यमबाट वातावरणीय सन्तुलन कायम राख्नु ।

घ) नेपाल सरकारको लक्ष्य अनुरुप कृषिजन्य बस्तुमा गाउँपालिकालाई आत्मनिर्भर बनाई वित्तिय श्रोतको पहुँचमा टेवा पुर्याउनु ।

ङ) फलफूलको उत्पादन र गुणस्तरलाई कायम राख्नु ।

च) सुन्तलाजातका फलफूल खेती प्रति कृषकलाई आकर्षित गर्नु ।

छ) बिरुवा वितरणमा अनुदान रकमको सीमा यस कार्यक्रममा सुन्तलाजातका फलफूल नर्सरी स्थापना स्रोतबाट उत्पादन गरिएका बिरुवाहरु नेपाल सरकारले तोकेको मुल्यमा बढीमा ७५ प्रतिशतसम्म अनुदान प्रदान गरिनेछ ।

## परिच्छेद–३
## सुन्तलाजातका फलफूल नर्सरी स्थापना, सञ्चालन र व्यवस्थापनः

**४. नर्सरी स्थापना :** सुन्तलाजातका फलफूल नर्सरी स्थापना देवघाट गाउँपालिका वडा नं ४ काफलडाँडामा स्थापना गरिनेछ ।

**५. सुन्तलाजातका फलफूल नर्सरीको व्यवास्थापन समिति गठन :** दफा ४ बमोजिम स्थापना भएको नर्सरीको निर्माण, हेरचाह, संरक्षण, प्रस्ताव तयारी, बिरुवा वितरण, बिक्री तथा व्यवस्थापनका लागि देहाय बमोजिमको समिति गठन हुनेछ :

| | | |
|---|---|---|
| क) | सम्बन्धित वडाको वडाध्यक्ष | - संयोजक |
| ख) | कार्यपालिका सदस्य | - सदस्य |
| ग) | कृषि विज्ञ (बागबानी/कृषि स्नातक) | - सदस्य |
| घ) | कृषक समूह/कृषि फर्म/अगुवा कृषक मध्यबाट १ जना | - सदस्य |
| ङ) | कृषि शाखा प्रमुख | - सदस्य सचिव |

**६. बैठक सम्वन्धी व्यवस्थाः**

१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२) समितिको बैठक संयोजकको आदेश अनुसार सचिवले बोलाउनु पर्नेछ ।

३) बैठकको अध्यक्षता संयोजकले गर्नु पर्नेछ । निजको अनुपस्थितिमा वरिष्ठतम सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

४) कम्तिमा ५० प्रतिशत सदस्य उपस्थित भएमा बैठक गणपुरक संख्या पुगेको मानिनेछ ।

५) बैठकको निर्णय उपस्थित सदस्य संख्याको बहुमतबाट हुनेछ ।

६) बैठकको निर्णय समितिको अध्यक्षले प्रमाणित गर्नुपर्नेछ ।

७) समितिको कार्यालय देवघाट गाउँपालिकामा रहनेछ ।

८) बैठक भत्ता तथा अन्य सुविधा देवघाट गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७९ बमोजिम हुनेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) नर्सरी स्थापना, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धमा आवश्यक नीति, नियम तथा मापदण्ड तर्जुमा गरी कार्यपालिकामा सिफारिस गर्ने ।

ख) नर्सरीको निर्माण, हेरचाह तथा संरक्षण गर्ने ।

ग) पालिका अन्तर्गत सञ्चालित फलफूल नर्सरीमा उत्पादन गरिने विरुवाको गुणस्तर र बिरुवा ढुवानी सम्बन्धी मापदण्ड तर्जुमा गर्ने ।

घ) बिरुवाको माध्यमबाट रोग कीराको प्रकोप फैलिने सम्भावना भएमा विरुवा ओसारपसार, बिक्री वितरणमा प्रतिबन्धका सम्बन्धमा कार्यपालिका समक्ष आवश्यक राय सुझाव सहित प्रतिवेदन पेश गर्ने ।

ङ) सुन्तलाजातका फलफूल नर्सरीका बिषयमा पर्ने उजुरी/गुनासो/विवादहरुको अन्तिम निरुपणका लागि आवश्यक सहजीकरण गर्ने, गराउने ।

च) नर्सरीको सत्र्चालनका लागि आवश्यक जनशक्ति तथा व्यवास्थापन सामाग्रीहरुको व्यवास्थापन गर्ने ।

छ) नर्सरी व्यवास्थापन तथा सञ्चालनको लागि कृषि ज्ञान केन्द्र, बागबानी विकास केन्द्र, प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्ने ।

ज) नर्सरी बिरुवा वितरण सम्बन्धी कार्य व्यवस्थित गर्ने ।

झ) बिरुवा विक्री वितरणबाट प्राप्त रकम गाउँपालिकाले तोकेको खातामा जम्मा गर्ने ।

**८. नर्सरी कार्यक्रम संचालनका आधारहरु :**

१) सुन्तलाजातका फलफूल नर्सरी स्थापना, सञ्चालन, व्यवस्थापनका लागि स्वीकृत विनियोजित कार्यक्रमको रकम देहाय बमोजिम खर्च हुनेछ :

(क) ग्रीन हाउस निर्माण ।

(ख) नर्सरी सिंचाई ।

(ग) माउबोट, सायन, रुटस्टक, तीनपाते बिउ, प्राङ्गारिक मलखाद, कुटो, ग्रीन नेट, कोदालो, सिकेचर, गमला, ट्रे, नर्सरी औजार र उपकरण आदि खरिद ।

(घ) प्रशासनिक तथा जनशक्ति व्यवस्थापन ।

(ङ) बिज्ञ राय परामर्श

(च) सूचना प्रवाह एवं प्रचारप्रसार ।

२) उपदफा (१) मा उल्लेख भए बाहेक नर्सरीलाई प्रभावकारी रुपमा अघि बढाउन अन्य क्रियाकलाप आवश्यक देखिएमा सोको लागि समेत खर्च गर्न सकिनेछ ।

## परिच्छेद–४
## जग्गा सम्बन्धी व्यवस्थाः

**९. जग्गा सम्बन्धी व्यवस्थाः**

१) सुन्तलाजातका फलफूल नर्सरी स्थापना गर्दा गाउँपालिकाले आफ्नै स्वामित्वमा रहेको जग्गामा गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम आफ्नो जग्गा नभएको हकमा टोल, वडा कार्यालयसँग समन्वय गरी जग्गा धनीसँग निश्चित समयका लागि भाडामा लिई सम्झौता गर्नु पर्नेछ ।

३) जग्गा भाडामा लिए बापत घरधनीलाई नियमानुसार सम्झौता बमोजिम जग्गा भाडा भुक्तानी गर्नु पर्नेछ ।

परिच्छेद ५

अनुगमन तथा मूल्याङ्कन समिति गठन सम्बन्धी व्यवस्थाहरु

**१०. नर्सरी अनुगमन तथा मूल्याङ्कन समितिः**

१) नर्सरी कार्यक्रम कार्यान्वयन सम्बन्धमा भए गरेका कार्यहरुको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नको लागि देहाय बमोजिमको समिति रहनेछ :

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) आर्थिक विकास समिति संयोजक - सदस्य

(घ) गाउँपालिका योजना शाखा प्रमुख - सदस्य

(ङ) कृषि बिज्ञ/नर्सरी निरीक्षक - सदस्य

(च) कृषि शाखा प्रमुख - सदस्य सचिव

२) अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समय समयमा नर्सरीको अवस्थाबारे अनुगमन गर्ने ।

(ख) कार्यरत कर्मचारी तथा नर्सरीको अवस्थाबारे अनुगमन गर्ने ।

(ग) अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा कार्यक्रमको प्रभावकारिता,पहुँच तथा समस्याको पहिचान तथा समाधान सहित सम्बन्धित निकायमा सुझाव सहित पेश गर्ने ।

(घ) कार्यविधिको लक्ष्य तथा उदेश्य अनुरुप भएको वा नभएको प्रभावकारिता सम्वन्धमा मूल्याङ्कन गरी आवश्यक कार्यक्रम तर्जुमा तथा नीति तय गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ङ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**११. निरीक्षण, निर्देशन तथा सुझाव दिन सक्ने :** अध्यक्षले नर्सरी प्रवर्द्धन तथा संरक्षणका लागि जुनसुकै वखत नर्सरी निरीक्षण गर्न, नर्सरी व्यवस्थापनमा देखिएका समस्या, कमीकमजोरी सम्बन्धमा नर्सरी व्यवस्थापन समिति र अनुगमन तथा मूल्याङ्कन समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ ।

## परिच्छेद ६
## बिरुवा उत्पादन तथा विक्री वितरण

**१२. फलफूल विरुवा उत्पादन प्रक्रियाः**

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिमको बालीहरुको जात, बीउ, रुटस्टक, सायन मात्र प्रयोग गर्नुपर्नेछ।

(२) बिरुवा उत्पादनको लागि आधिकारिक स्रोतबाट रोग/कीरा नियन्त्रण एवं व्यवस्थापन गरी हुर्काएको बिरुवा छनोट गरी माउबोटको रुपमा लगाउनु पर्नेछ।

(३) नर्सरी केन्द्रमा देखिने संक्रामक रोग, कीरा तथा अन्य समस्याहरुको प्रकोपबाट बचाउन आवश्यकता अनुसार नर्सरी निरीक्षक वा बागबानी बिज्ञबाट जाँच गराई राख्नु पर्नेछ।

(४) कुनै संक्रामक रोग कीरा रहित उच्च गुणस्तरको माउवोटबाट सायन लिने, रुटस्टकको लागि बीउ संकलन गर्ने र सिफारिस गरिएका रुटस्टकको प्रयोग तथा सिफारिस गरिएको कलमी विधि अपनाउनु पर्नेछ।

(५) सुन्तलाजात फलफूल बालीमा बडउड सर्टिफिकेसन केन्द्रले (Budwood Certification) प्रविधि अपनाई विरुवा उत्पादन गर्ने नर्सरी केन्द्रले देहाय बमोजिमका विधि अपनाउनु पर्नेछः-

(क) सुन्तलाजात माउबोट बगैंचाको हरेक २ वर्षमा सिट्रस ग्रिनिङ रोगका लागि पिसिआर (PCR- Polymerase Chain Reaction) परीक्षण वा इन्डेक्सिङ (Biological Indexing) तथा ट्रिस्टेजा भाइरस (CTV- Citrus Tristeza Virus) रोगका लागि एलाइजा (ELISA-Enzyme-linked Immune Sorbent Assay) परीक्षण गर्नुपर्नेछ। यसरी परीक्षण गर्दा माउबोट स्वस्थ भएको नतिजा प्राप्त भएमा मात्र सायनको रूपमा प्रयोग गर्नु पर्नेछ।

(ख) विरुवा उत्पादनका लागि आधिकारिक स्रोतबाट रोग (सिट्रस ग्रिनिङ र ट्रिस्टेजा भाइरस) नलागेको प्रमाणित गरिएको बिरुवा छनोट गरी माउबोटको रूपमा लगाउनु पर्नेछ।

(ग) माउबोटका साथै ग्राफ्टिङ गर्नका लागि प्रयोग गरिने रुटस्टक बिरुवा

समेत जालीघर भित्रै सुरक्षित तवरले उमार्नु र हुर्काउनु पर्नेछ।

(घ) जालीघरमा उत्पादित रोगमुक्त रुटस्टक र सायनको प्रयोग गरी कलमी गरेको बिरुवा समेत जालीघर भित्रै हुर्काउनु पर्नेछ।

(ङ) प्रत्येक वर्ष माटोमा सुक्ष्म तत्वको अवस्था र हानिकारक जीवाणुको अवस्था बारे माटो परीक्षण गराई नतिजाको आधारमा सिफारिस गरिए बमोजिमका कार्यहरु गर्नुपर्नेछ।

**१३. बिरुवा वितरण सम्बन्धी सूचनाः**

(१) यस कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले स्वीकृत बार्षिक कार्यक्रम अनुसार उत्पादन गरेका बिरुवाहरु वितरणका लागि सार्वजनिक रुपमा अधिकतम कृषकहरु सम्म सूचनाको पँहुच पुग्ने गरी सुन्तलाजातका फलफूल बिरुवा मागका लागि कम्तीमा १५ दिनको सूचना प्रकाशित गर्नु पर्नेछ।

(२) कृषक तथा कृषक समूहबाट माग भएका सुन्तलाजातका फलफूलका बिरुवा बढीमा ७५ प्रतिशत अनुदान र २५ प्रतिशत कृषकको लागत साझेदारीमा वितरण गरिनेछ।

**१४. बिरुवा मागका लागि आवश्यक कागजातहरु**: बिरुवा मागका लागि कृषकले देहाय बमोजिमको कागजातहरु संलग्न गरी अनुसूची १ बमोजिम निवेदन दिनु पर्नेछ :

(क) नागरिकताको प्रमाणपत्रको छाँयाप्रति,

(ख) जग्गाधनी पूर्जा प्रमाण पत्रको छाँयाप्रति,

(ग) वडा कार्यालयको सिफारिस,

(घ) कृषक समूह/फर्मको दर्ता प्रमाणपत्र (दर्ता भएका कृषक समूह र फर्म हकमा)।

## परिच्छेद ७
## नर्सरी सञ्चालनको लागि कर्मचारी व्यवस्थापन

**१५. सुन्तलाजातका फलफूल नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि कर्मचारी व्यवस्थापनः**

(१) गाउँपालिका स्तरीय सुन्तलाजात फलफूल नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि दैनिक ज्यालादारी तथा सेवा करारमा कर्मचारी

व्यवस्थापन गरिनेछ ।

(२) सेवा करारमा लिने कर्मचारी छनोट सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिका कृषि शाखामा रहेका कर्मचारीले बिहान बेलुका काम गरे वापत देवघाट गाउँपालिकाको कार्य सञ्चालन कार्यविधि, २०७९ बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।

(४) जे.टि.ए, जे.टी तथा बि.एस.सी. ए.जी. बाट इन्टर्न तथा ओ.जे.टी. को लागि आउने विद्यार्थीलाई यस नर्सरीमा श्रम गरे वापत कार्यपालिकाले तोके बमोजिम निर्वाह भत्ता उपलब्ध गराउन सकिनेछ ।

(५) यस कार्यक्रममा कृषि विकास शाखाको वार्षिक बजेटबाट सम्पूर्ण कार्यक्रमहरुको व्यवस्थापन गरिनेछ ।

(६) नेपाल सरकार, प्रदेश सरकार अन्य स्थानीय तह वा अन्य निकायबाट यस सम्बन्धी रकम प्राप्त भएमा समेत सो रकमबाट खर्च व्यवस्थापन गर्न सकिनेछ ।

(७) नर्सरीमा ज्यालादारी कर्मचारी व्यबस्थापन यसै कार्यविधि, २०८० बमोजिम हुनेछ ।

(८) अन्य सेवा सुविधाको हकमा कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**१६. सेवा परामर्श:**

(१) नर्सरी सञ्चालनका लागि नर्सरी सम्बन्धी कुनै विषयमा गाउँपालिकाले सम्बन्धित बिज्ञबाट राय परामर्श लिन सक्नेछ ।

(२) राय परामर्शको लागि बिज्ञ आमन्त्रण गरिएकोमा नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।

**१७. ज्यालादारी कर्मचारीको जिम्मेवारी तथा कार्य विवरण :**

१) नर्सरीमा काम गर्ने कर्मचारीको कार्य विवरणमा देहायका विषयवस्तु समावेश गरी कार्य विवरण तयार गर्नु पर्नेछ :

(क) यस कार्यक्रममा सुन्तलाजातका फलफूल नर्सरी निर्माण सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(ख) कार्यालयको निर्देशन अनुसार नर्सरीमा बिरुवा लगाउने, हेरचाह, कृषकहरुलाई वितरण गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने,

(ग) नर्सरी सम्बन्धी अन्य कार्य गर्नु परेमा कार्यालयको निर्देशन अनुसार गर्ने ।

**१८. सेवा सुविधा सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिकाले नर्सरी केन्द्रमा व्यवस्थापन गरिएका ज्यालादारी कर्मचारीहरुलाई नर्सरीमा काम सुरु गरेको मितिबाट लागू हुने गरी सम्झौतामा तोकिए बमोजिम सेवा सुविधा भुक्तानी हुनेछ ।

(२) दैनिक ज्यालादारीमा काम गर्ने कामदारको लागि गाउँपालिकाले तोकेको न्यूनतम दररेट अनुसारको दैनिक ज्याला उपलब्ध गराउनेछ । यदि बाहिरबाट कुनै दक्ष कामदार ल्याएर काम गराउनु परेको खण्डमा कामको प्रकृति र कार्य दक्षताको आधारमा पारिश्रमिक उपलब्ध गराउन सकिनेछ ।

(३) नर्सरीमा काम गर्ने कर्मचारीलाई नर्सरीसँग सम्बन्धित विविध क्षमता विकासका तालिम गोष्ठीहरुमा सहभागी गराईनेछ ।

**१९. भुक्तानी सम्बन्धी व्यवस्था :** यो कार्यक्रम लागू भएपछि कृषि शाखाको सिफारिसको आधारमा सम्झौता अनुसारको रकम नर्सरीमा काम गर्ने कर्मचारीको बैंक खाता मार्फत भुक्तानी हुनेछ ।

**२०. ज्यालादारी कर्मचारीसँग सम्झौता :** नर्सरीमा काम गर्ने कर्मचारीसँग अनुसुची (२) बमोजिम सम्झौता गरिनेछ ।

**२१. अभिलेख तथा प्रगति प्रतिवेदन :** यस कार्यक्रम कार्यविधिले निर्धारित गरेका सम्पूर्ण विषय अनुसारका कागजपत्रहरुको व्यवस्थापन समितिको सदस्य सचिवले गर्नेछ । यस कार्यक्रम सञ्चालन पश्चात व्यवस्थापन समितिले अनुसुची (३) बमोजिम बार्षिक रुपमा अभिलेख राख्नेछ ।

## परिच्छेद ८
## विविध

**२२. बाधा अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२३. परिमार्जन तथा संशोधन :** यो कार्यविधिलाई आवश्यकता अनुसार कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

अनुसुची १

दफा १४ सँग सम्बन्धित

**सुन्तलाजातका फलफूल नर्सरी केन्द्रबाट वितरण गरिने बिरुवा मागको लागि निवेदन**

मितिः…………………...............

श्रीमान् संयोजकज्यू,
नर्सरी व्यवस्थापन समिति,
देवघाट, तनहुँ।

**विषयः बिरुवा माग सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा यस देवघाट गाउँपालिका नर्सरी केन्द्रबाट वितरण हुने ...................... .................. फलफूलको विरुवा थान ................ नियमानुसार पाउँ भनी यो निवेदन पेश गर्दछु।

निवेदकको
नामः
दस्तखत:
ठेगानाः
सम्पर्क नं.

अनुसुची–२

दफा २० सँग सम्बन्धित

## ज्यालादारी कर्मचारीसँग सम्झौताको ढाँचा

## सम्झौता पत्र

देवघाट गाउँपालिका, नर्सरी व्यवस्थापन समिति (यसपछि पहिलो पक्ष भनिएको) र …………………….. जिल्ला …………………..पालिका वडा नं…….., निवासी श्री………………………………… (यस पछि दोस्रो पक्ष भनिएको) का बिच मासिक ज्यालादारी/सेवा करार गरी ……………………… पदमा कार्य गर्नको लागि देवघाट गाउँपालिका, नर्सरी व्यवस्थापन समिति/देवघाट गाउँपालिकाको कार्यालयको मिति ……../…/….. को निर्णय अनुसार मिति ……../…/….. देखि ……../…/….. सम्मका लागि देहायको शर्तको अधीनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरी एक एक प्रति एक आपसमा बुझि लियौ दियौ ।

**सम्झौता तथा शर्तहरु**

१. गर्नु पर्ने कामको विवरण :- यो सम्झौता पत्र ज्यालादारी कर्मचारी र देवघाट गाउँपालिकाबीच सुन्तलाजातका फलफूल नर्सरी स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि प्रयोग गरिनेछ ।

२. काम गर्नुपर्ने स्थान:- देवघाट गाउँपालिकाद्वारा स्थापित नर्सरी केन्द्र ।

३. नर्सरीमा बिरुवा लगाउने, खनजोत गर्ने, गोडमेल गर्ने हेरचाह लगायतका सम्पूर्ण कार्य ज्यालादारी कर्मचारीले गर्नु पर्नेछ ।

४. नर्सरीमा कुनै किसिमको भौतिक पूर्वाधार, नर्सरी बिरुवा तथा अन्य सामाग्रीहरुको हानी नोक्सानी हुने काम गर्नु हुँदैन । हानी नोक्सानी गरेमा नियमानुसार कारबाही हुनेछ ।

५. काम गर्नुपर्ने अवधिः- मिति ……../…/….. देखि ……../…/….. सम्म ।

६. ज्यालादारी/सेवा करारमा काम गरे वापत मासिक पाउने रकम देवघाट गाउँपालिकाले तोके बमोजिम रु…………..।– हुनेछ ।

७. सेवा सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएका आचरण सम्बन्धी कुराहरु पालाना गर्नुपर्नेछ ।

८. भुक्तानिको तरिका:- मासिक पारिश्रमिक रकममा करकट्टी गरी बैंक मार्फत दोस्रो

पक्षलाई भुक्तानी गरिनेछ ।

९. सेवा करारमा काम गर्ने दोस्रो पक्ष शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बारम्बार उल्लघंन गरेमा पहिलो पक्षले सेवा बाट हटाउन तर्फ कारवाही अगाडि बढाउनेछ ।

१०. पहिले पक्षलाई दोस्रो पक्षको काम सन्तोषजनक लागेमा र दुवै पक्षको मञ्जुरी भएमा सेवा थप गर्ने सकिनेछ ।

११. सम्झौता उल्लेख भए भन्दा बढी रकमको दाबी दोस्रो पक्षले गर्न पाउने छैन ।

१२. सम्झौता भंग गर्न चाहेमा कम्तिमा ७ दिन अगावै एक पक्षले अर्को पक्षलाई लिखित सूचना दिनु पर्नेछ ।

१३. देवघाट गाउँपालिकाको कार्यालय, नर्सरी व्यवस्थापन समिति तथा कृषि शाखा प्रमुखको निर्देशनमा काम गर्नु पर्नेछ ।

| ज्यालादारी कर्मचारीको तर्फबाट | कार्यालय तर्फबाट |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | पदः |
| मितिः | मितिः |

अनुसुची - ३

दफा २१ सँग सम्बन्धित

**सुन्तलाजातका फलफूल नर्सरी केन्द्रबाट वितरण गरिएको बिरुवाहरुको अभिलेख**

आ.व............................

| क्र.सं | वितरण गरिएको विरुवा जात | किसिम | संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,

**गौरी प्रसाद आचार्य**

प्रमुख प्रशासकीय अधिकृत